# डरको प्रतिरोध गर्नुहोस्

**Pastor S. James**
**May 18th,2023**

प्रार्थना

*प्रभु धन्यबाद , धन्यबाद, धन्यबाद प्रभु तपाइको बचन बुझ्नको लागी प्रभु पवित्र आत्माको अभिशेक दिनुहोस् । तपाइको दोस्रो आगमनको लागी हाम्रो प्राण , आत्मा र शरीरलाइ नै छुनुहोस् प्रभु ताकि हामी तपाइको भरपद्रो पवित्र दुलहि बन्न सकौ त्यसको लागी हामीलाइ तपाइको अनुग्रहले भर्नुहोस् प्रभु यो सबै बिन्ति प्रार्थना येशु प्रभुको नाममा आमेन ।*

उत्पत्ति १५:१ सब कुराहरू भई सकेपछि अब्रामलाई परमप्रभुबाट दर्शनद्वारा केही संदेशहरू आए। परमप्रभुले भन्नुभयो, "अब्राम तिमी नडराऊ। म तिम्रो ढाल हूँ। तिम्रो इनाम अत्यन्त विशाल हुनेछ।"
2 अब्रामले भने, "हे परमप्रभु परमेश्वर! हजुरले मलाई के दिनुहुन्छ? यस्तो हजुरले दिंदा मलाई खुशी पार्ने केही छैन। किन? किनभने, मसित छोरा छैन। यसर्थ मेरो घरमा जन्मेको कमारा दमीसकको एलीएजरले मेरो मृत्यु पछाडी मसँग भएका सबै सम्पति पाउँनेछ।"
3 अब्रामले भने, "तपाईंले मलाई एउटा छोरा दिनुभएको छैन, अतः मेरो घरमा जन्मेको कमाराले मेरो जम्मै सम्पति पाउनेछ।"
4 त्यसपछि परमप्रभुले अब्रामसित कुरा गर्नु भयो। परमेश्वरले भन्नुभयो, "तिमीसँग भएको सम्पति त्यो कमारोले पाउँदैन। तिम्रो आफ्नै छोरो जन्मनेछ। अनि तिम्रो सम्पत्तिको उत्तराधिकारी उही तिम्रो छोरो हुनेछ।"
5 त्यसपछि परमेश्वरले अब्रामलाई बाहिर लानु भयो र भन्नुभयो, "आकाशमा हेर, तिमीले त्यहाँ यति धेरै ताराहरू देख्नेछौ गन्नु सक्तैनौ। भविष्यमा तिम्रा पनि त्यति धेरै सन्तानहरू हुनेछन्।"
6 अब्रामले परमेश्वरलाई विश्वास गरे अनि परमेश्वरले अब्रामको विश्वासलाई विचार गर्नुभयो कि उसले वास्तवमा के गराउन चाहन्थे।

उत्पत्तिको पुस्तक अतिनै महत्वपुर्ण छ । उत्पत्ति मा नै सबै चिजको उत्पत्ति भएको छ । सृष्टि को उत्पत्ति , समयको उत्पत्ति , संसार देखी लिएर जनावर , पंक्षि ,मान्छे ,सबैको उत्पत्ति र मान्छेको लागी परमेश्वरको असल योजना को उत्पत्ति पापको उत्पत्ति र पापको दण्ड त्यसको लागी परमेश्वर को योजनाको उत्पत्ति भएको सबै यहि पुस्तकमा छ । त्यसैले उत्पत्तिको पुस्तक ध्यान सित पढ्नु पर्छ । जसले हामीलाइ सृष्टि गर्नुभयो उहाँले मात्र हामीलाइ चिन्नु हुन्छ । मान्छे जाति जब पापमा गिरे पछि बचाउनलाइ युक्ति निकाल्ने पनि उहां नै हुनुहुन्छ । त्यसकारण जब अब्राहाम संग दर्शनमा परमेश्वरले पहिलो चोटि बोल्दा उहांको पहिलो शब्द नै नडरा म तेरो ढाल हु । निरासा राम्रो होइन तर डरको आत्माले पक्र्यो भने फेरी त्यो मान्छे गयो । यो दुइ वटा कुरा हाम्रो जीवनमा छ भने जति सुकै हामी संग बिश्वास छ भने पनि हामी बिश्वासमा अगाडि बढ्न सक्दैनौ । डर पनि दुइ प्रकारको हुन्छ । परमेश्वरले हाम्रो जीवनमा प्राण , आत्मा , सरीरमा एउटा राम्रो डर राखिदिनु भएको छ । त्यो डर हाम्रो जीवनमा हुनु राम्रो हो । अर्को हिन्दु ग्रन्थ अनुसार पाचँ तत्व संग डर जोडेको छ । अग्नि ,वायु , पानी, माटो (पृथ्वी) र आकास यो डर असल हो । हामी खाना पकाउनको लागी हामी आगो प्रयाग गर्छो आगो लाइ राम्ररी चलाउनको लागी डर नभएर जसरी मन लाग्यो त्यसरी चलायो भने त्यसले मान्छे को ज्यानको र सबै चिजको ठुलो क्षति हुन्छ । वायु को बारेमा भन्ने हो भने गाउ घरको मान्छे शहरमा आयो भने उसको आखाँ पोल्न थाल्छ । कारण गाउको वायुमा मैला छैन तर शहरको वायुमा फोहर हुन्छ र त्यो फोहरको कारण बिमारीहरु आउछ त्यसको लागी डर हुनु राम्रै हो । पृथ्वीको बारेमा भन्नु पर्दा भुकम्प आउछ र आकासको बारेमा भन्नु पर्दा माथि आकासमा जादाँ तल झर्छ यो सबै कुराको डर राम्रै हो । यि सबै डरहरु राम्रो डरमा पर्छ । तर नराम्रो डर भनेको सैतान र अन्धकारको शक्ति को युक्तिहरु ले पछाडि एउटा डरको आत्मा दिएको छ । त्यो डरको आत्मा नराम्रो हो । यो डरको आत्माले हामीलाइ पक्र्यो भने हाम्रो मनको बिचारमा त्यसले कब्जा गर्छ । त्यो डरको आत्माले पक्र्यो भने हामी बिश्वासमा अगाडि बढ्न सक्दैनौ र त्यस पछि हामी उल्टा पट्टि जान्छौ । जब हामी उल्टा पट्टि जान्छौ त्यहाँ पनि त्यहि डर लिएर जान्छौ । यो डरहरु संग हामी लडाइ गर्नु पर्छ । इस्रायलीहरु मिश्र देश बाट निक्लेर घुमेको घुमेकै गरे । परमेश्वरले यिनीहरुको जीवनमा ढोका खोल्न सक्नुहुन्न कारण यिनीहरुको जीवनमा डरको आत्माले पक्रेको थियो । त्यसकारण परमेश्वरको योजना अब्राहामको माथि आए पछि परमेश्वरले अब्राहामलाइ भन्नुभयो त नडरा किनभने डरको आत्मा आए पछि बिश्वास हाम्रो जीवन बाट जान्छ ।

मर्कुस ४:४० 40 येशूले चेलाहरूलाई भन्नूभयो, "तिमीहरू किन यस्तो कायर? तिमीहरूमा अझपनि विश्वास छैन?"
41 चेलाहरू खुबै डराए अनि एक-अर्कासित बहस गर्न लागे, "उहाँ कस्तो प्रकारको मानिस हुनुहुन्छ? यतिसम्म कि आँधी र छालहरूले पनि उहाँको आज्ञा मान्दछ।"

यहाँ येशुको पहिलो प्रस्न तिमीहरु किन डराउछौ ? दोस्रो येशुको प्रस्न तिमीहरु संग बिश्वास छैन ?जब डरको आत्मा हाम्रो जीवनमा आउछ भने हाम्रो जीवन बाट बिश्वास जान्छ । डरको सामना गर्नको लागी हामीलाइ बिश्वास चाहिन्छ ।

२ तिमोथी १:७ 7 परमेश्वरले हामीलाई कातरको आत्मा दिनु भएन। उहाँले हामीलाई शक्तिको आत्मा, प्रेम अनि आत्मा संयमको आत्मा प्रदान गर्नु भएको छ।

हामीलाइ परमेश्वरले डरको आत्मा दिनु भएको छैन । हामीलाइ पहिला सामर्थको , प्रेमको र तेस्रोमा आत्मसयमको आत्मा दिएको छ । येशुले चेलाहरुलाइ तिमीहरुको बिश्वास खोइ र किन तिमी डराउछौ भनेर सोध्नुभयो कारण चेलाहरु दिन रात येशु संग हिड्थे र येशुको सामर्थ र येशुले गर्नु भएको चमत्कार सबै यिनीहरुले देखेका थिए । डरको आत्मा आउनु भनेको सैतान माथि बिश्वास राख्नु हो । हामीले परमेश्वरको सामर्थमा बिश्वास राख्नु पर्छ । इस्राएलीहरु ४०० शाल फारो जस्तो सक्तिशाली राजाको शासणको बन्धकमा बसेकाहरुलाइ छुटकारा दिनको लागी बुढो भएको मोशालाइ हातमा एउटा लौरो दिएर र ८३ बर्ष भएको हारुण त्यहाँ मिश्र देशमा परमेश्वरको सामर्थ देखाउनको लागी परमेश्वरले पठाउनु भयो । परमेश्वरले कुनै फौज पठाउनु भएन एउटा बुढो भएको मोशालाइ अन्तमा फारोले मलाइ आशिष दिएर जा भनेर भन्यो । त्यसकारण हाम्रो परमेश्वर शक्तिशाली हुनुहुन्छ र हामीले बिश्वास गर्ने भनेको

उहाँको शक्तिमा बिश्वास गर्नु हो । एउटा बुढो भएको मान्छेको एउटा लौरोले फारो जस्तो शक्तिशाली राष्ट्रलाइ हल्लाउन सक्छ भने कति शक्तिशाली हो हाम्रो परमेश्वर । त्यसकारणले गर्दा जब हामीलाइ समस्या आउछ त्यतिखेर हामीले परमेश्वरको सामर्थमा बिश्वास राख्नु पर्छ । सारा ९० शालको हुदा जब परमेश्वरले सारालाइ तिमीले नानी जन्माउनेछौ भन्दा सारा हासिन् र परमेश्वरले सारालाइ भन्नुभयो तिमी किन हासेको ? के परमेश्वरमा कुनै कुरा पनि असम्भब छ र ? हाम्रो परमेश्वर एउटा मुखले बोलेर सबै संसार सृष्टि गर्ने परमेश्वर हुनुहुन्छ । त्यसकारण हामी संग परमेश्वरको सामर्थ माथि बिश्वास छैन भने परमेश्वरको इच्छा हाम्रो जीवनमा पुरा हुन सक्दैन । यदि हामी संग परमेश्वरको सामर्थमा बिश्वास छैन भने आफ्नै शक्तिमा बिश्वास राख्छौ त्यसकारणले परमेश्वरले संसारको मुर्खहरुलाइ बोलाउनु भयो । संसारको ज्ञानले परमेश्वरको बिरुद्धमा काम गर्छ । त्यसकारणले पावलले कोरन्थीको पुस्तकमा भनेका छन् परमेश्वरले संसारका ज्ञानी मान्छेलाइ बोलाउनु भएन । हामी अब्राहाम जस्तै छौ आफ्नो कमजोरी मात्र देख्छौ परमेश्वरको सामर्थ देख्दैनौ । परमेश्वरले आएर अब्राहाम संग म तिम्रो ढाल र चट्टान र तिम्रो इनाम हु भन्दा अब्राहाम भन्छन् मैले इनाम पाएर के गर्नु ? मेरो त एउटा सन्तान पनि छैन । अब्राहामले परमेश्वरको सामर्थ माथि बिश्वास गरेनन् तर आफ्नै कमजोरी माथि बिश्वास गरे । हाम्रो समस्या खास गरी केहि पनि होइन यदि हामीले परमेश्वरको सामर्थलाइ याद गर्ने हो भने । परमेश्वरले सबै भन्दा कमजोर इस्रायल जाति जो दासत्वमा थिए उनीहरुलाइ आफ्नो सामर्थ देखाउनको लागी चुन्नु भयो । हामीलाइ परमेश्वरले डरको आत्मा दिनुभएको छैन । बचनमा परमेश्वरको बिभिन्न नाम जस्तै सर्बशक्तिमान , यहोवा जिरे , एलसदाइ , भनेर दिइएको छ कारण परमेश्वरले आफ्नो सामर्थ आफ्नो नाम बाट प्रकट गर्नु भयो ।

१ युहन्ना ४:१८ [18]जहाँ परमेश्वरको प्रेम हुन्छ त्यहाँ भय हुँदैन। किनभने परमेश्वरको सम्पूर्ण प्रेमले भय हटाइदिन्छ। परमेश्वरको दण्ड नै भयको कारण हो। यसरी जुन व्यक्तिमा भय रहन्छ तिनमा परमेश्वरको प्रेम सिद्ध भएको हुँदैन।

सिद्ध प्रेमले डर को आत्मालाइ निकाल्छ । शिद्ध प्रेम भनेको हामीमा भएको प्रेम होइन , यो परमेश्वरको प्रेम हो । बचनले भन्छ परमेश्वरले यस संसारलाइ यति साह्रो प्रेम गर्नुभयो त्यो प्रेममा हामीले ध्यान राख्नु पर्छ । डरको आत्मा हामीहरुको जीवन बाट निकाल्नको लागी सबै भन्दा पहिला परमेश्वरको सामर्थ हो र दोस्रोमा परमेश्वरको प्रेम हो । बचनमा धेरै माहान ब्यक्तिहरु छन् ति सबै संग परमेश्वरले भन्नुभएको छ नडरा म तेरो साथमा छु । अब्राहम संग , इसहाक संग , याकुब संग , मोशा संग , युसुफ संग , दाउद संग , एलिया संग आदि मान्छेहरु संग परमेश्वरले नडरा भन्नुभयो । थियोलोजेनहरुले भन्छन् ३६५ बार बचनमा नडरा भनेर भनेको छ । पापमा गिरे पछि पहिला आदमको मुख बाट निस्केको शब्द म डराएको थिए । त्यस कारणले हाम्रो मुख बाट आउने धेरै कुराहरु यो डरको आत्मा र सरमको आत्माको कारणले गर्दा आउछ । यि दुइ आत्मा माथि हामी जितेनौ भने हाम्रो आत्मिक यात्रामा रोकावट आउछ । यो दुइ आत्मा माथि जित्नको लागी सबै भन्दा पहिला परमेश्वरको माहानता र उहाँको सामर्थ माथि भरोसा गर्नु पर्छ र दोस्रोमा उहाको प्रेम माथि

मर्कुस ४:३८ [38]येशू डुङ्गाको पछिल्लो पट्टि हुनुहुन्थ्यो सिरानीमा टाउको राखेर उहाँ निदाइरहनु भएको थियो। चेलाहरू गएर उहाँलाई बिउँझाए। तिनीहरूले भने, "हे गुरूज्यू, हामीहरू डुब्दैछौं। के वास्ता गर्नुहुन्न?"

सैतानले सबै भन्दा पहिला हाम्रो जीवनमा  तिम्रो परमेश्वर शक्तिशालि हो तर तिमीलाइ प्रेम गर्दैन भनेर संडका उत्पन्न गराउछ ।

१पत्रुस ५:७ [7]जब उहाँले तिमीहरुको हेरचाह गर्नुहुन्छ तिमीहरुको चिन्ता सब उनको अघाडी सुम्पिदेऊ।

सारा फिक्रि उहाँ माथि राख्नु पर्छ कारण उहाँले हाम्रो फिक्रि गर्नुहुन्छ । कारण उहाँ हामीलाइ प्रेम गर्नुहुन्छ । तर सैतानले उल्टा काम गर्छ उसले इस्रायलीहरुलाइ पनि तिमीहरुको परमेश्वरले तिमीहरुलाइ प्रेम गर्दैन गर्ने भए तिमीहरु दासत्वको जीवन जीउने थिएनौ अहिले परमेश्वरले मरभुमिमा यसरी छोड्नु हुने थिएन र साथै नाओमीलाइ पनि सैतानले भट्कायो र नाओमी निरास भएर भनिन् मलाइ नाओमी नभन मलाइ मारा भन तर परमेश्वरले नाओमीलाइ प्रेम गर्नुभयो  त्यसकारण नाओमीलाइ उद्धार दिन उहाँले लिएर आउनु भयो । तर सैतानले हामीहरुको जीवनमा पनि यसरी नै भट्काउने काम गर्छ ।

युहन्ना ३:१६ [16]हो, परमेश्वरले संसारलाई यति साह्रो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनु भयो। परमेश्वरले आफ्ना पुत्रलाई दिनु भयो त्यस द्वारा उहाँमाथि विश्वास गर्ने कोहीपनि नाश हुने छैन, तर अनन्त जीवन प्राप्त गर्नेछ।

प्रेम दिनुमा देखिन्छ ,उहाँले एक मात्र पुत्र दिनुभयो । एउटा बौले छोराले चकलेट माग्दा उसले चकलेट लिएर आउछ अनी त्यो छोराले भन्छ मेरो बाबाले मलाइ धेरै माया गर्नुहुन्छ । उसले चकलेट लिएर आएको कारण उसले भन्न सक्यो मेरो बाबाले माया गर्नुहुन्छ भनेर ।

रोमी ८:३२ [32]परमेश्वरले हाम्रो निम्ति जे पनि गर्नुहुनेछ। परमेश्वरले उहाँको आफ्नै पुत्रलाई कष्ट मात्र भोगाउनु भएन तर हाम्रा निम्ति बलि दिनुभयो। तब के परमेश्वरले हामीलाई येशूका साथै हरेक उपहार दिनुहुन्न र?

परमेश्वरले आफ्नो एक मात्र पुत्रलाइ पनि दिनुभयो भने के हामीलाइ यो जीवनमा चाहिने चिज हामीलाइ दिनुहुन्न र ? कहिले काहि कति कुराहरु दिनुहुन्न कारण हामीलाइ परमेश्वरले प्रेम गरेको कारण त्यो चिजले हामीलाइ नोक्सान हुने भएकोले दिनुहुन्न । जब परमेश्वरले हामीलाइ हुन्न भन्नुहुन्छ भने हाम्रो डर जान्छ । जब मिश्र देश बाट इस्राएलीहरु निक्लेर आए त्यति खेर उनीहरुले परमेश्वरको शक्तिमा उनीहरुले बिश्वास गरेनन् पहिला पानी चाहियो भने पानी परमेश्वरले दिनुभयो त्यस पछि खाना चाहियो त्यस पछि मासु चाहियो प्रत्येक पटक परमेश्वरको सामर्थमा शकां गरे । उनीहरुले भने हामीलाइ यो उजाड स्थानमा मार्न लिएर आएको भनेर लगातार परमेश्वरको सामर्थमा शकां गरे । तर परमेश्वर प्रेमी र दयालु भएको कारण उहाँ शक्तिशाली हुदा हुदै पनि उहाँले चाहेको भए सबैलाइ नास गर्नसक्नुहुन्थ्यो तर उहाँले गर्नु भएन , र उहाँले ४० शाल उनीहरुको देखभाल गर्नु भयो । त्यसकारणले हामीले परमेश्वरको शक्ति माथि भरोसा नराख्दा उहाँको शक्ति कम हुदैन ।

रोमी ८:३५-३९ [35]ख्रीष्टको प्रेमबाट हामीलाई अलग गर्न सक्ने कुनै थोक छ? छैन। के दुःखले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्नसक्छ? सक्दैन! के कठिनाई वा खेदाइले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्नसक्छ? सक्दैन। के अनिकाल वा नागोंपनले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्नसक्छ? अहँ। के कुनै आपद वा मृत्युले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्न सक्छ? अहँ सक्दैन।

हामीलाइ परमेश्वरको प्रेम बाट कसैले पनि अलग गर्न सक्दैन । हाम्रो जीवनमा आउने कठिनाइ , खेदो , नागोंपन , अनिकाल , खतरा र तरवारले यि सबै कुराहरु एउटा मान्छेको जीवनमा सबै भन्दा दुख दायी जीवन हो । यस्तो अबस्था मान्छेको जीवनमा आउदा मान्छेलाइ डरको आत्माले पक्रिन्छ । तर जब मेरो जीवनमा खिष्टको प्रेम आउछ उहाँको प्रेमले यि सबै समस्या आएता पनि हामीलाइ खिष्टको प्रेम देखी अलग गर्न सक्दैन । यसको लागी सबै भन्दा पहिला येशुमा बिश्वास गर्नु पर्छ र साथ साथै मुख खोलेर भन्नु पर्छ कि येशुले मलाइ प्रेम गर्नुहुन्छ । जब अयुब को जीवनमा समस्या आयो र त्यति बेला अयुबका तिन साथीहरुले परमेश्वरको बिरुद्धमा अयुबलाइ भट्काउदा अयुबले भने यदि परमेश्वरले मलाइ मेरो ज्यान लिएता पनि म उहाँको नै सेवा गर्छु । जब चेलाहरु डुङ्गामा येशु संग जादै गर्दा तुफान आउछ त्यति खेर येशु मजाले सुतिरहनु भएको थियो । चेलाहरुले येशु सुतिराख्नु भएको देखेर भने गुरु ज्यु तपाइलाइ हाम्रो वास्ता छैन ? यसरी नै जब हामी परमेश्वरमा प्रार्थना गर्छौ त्यति खेर परमेश्वर चुप चाप रहनु भयो भने हामी पनि परमेश्वरको सामर्थमा नत्र भने उहाँको प्रेममा संका गर्छौ । शावलले अन्तिममा दुष्ट शक्तिमा बिश्वास गरेर तन्त्र मत्र गर्नेको पछि लागे त्यसरी नै जब हामी परमेश्वरको शक्तिमा र उहाँको प्रेममा भरोसा राख्न छोडछौ भने हामी पनि शावल जस्तै दुष्ट शक्तिको पछाडि जान्छौ ।

[36]धर्मशास्त्रले भन्छः"तिमीहरूका निमित्त हामीहरू दिनभरि नै मृत्युको मुखमा छौं, मानिसहरू सोंच्दछन् हामी मारिने भेंडा जस्ता छौं।"
[37]तर परमेश्वरको प्रेमको कारणले हामी ती सबै कुराहरूमा पूर्ण विजयी बन्छौं।
[38]हो, म निश्चिन्त छु कि कुनै चीजले पनि हामीलाई परमेश्वरको प्रेमबाट अलग पार्न सक्तैन न मृत्यु वा जीवनले न स्वर्गदूतहरू वा शासन गर्ने आत्माहरूले न त कुनै वर्तमानका वा भविष्यका कुराले न त कुनै माथिका वा तलका शक्तिले न त सारा संसारको कुनै अरू सिर्जित कुराले हाम्रो परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछ जो हाम्रा प्रभु ख्रीष्ट येशूमा छ।

यि माथि लेखेका कुनै पनि कुराले परमेश्वरको प्रेम देखी अलग गर्न सक्दैन । परमेश्वर प्रेम हुनुहुन्छ । यो संसार परमेश्वरको प्रेमको माथि चलेको छ । यदि आमाहरुले गर्भबति हुदा यो नानी मलाइ चाहिएको छैन भनेर भन्छ भने जब त्यो नानी जन्मन्छ भने उसको जीवनमा केहि न केहि कमजोरी हुन्छ होइन भने त्यो नानीमा आत्मर्निभर्ता भन्ने कुरा हुदैन किनभने उ आफ्नै आमा बाट तिरस्कार गरीएको नानी हो र उसले जीवनमा प्रगति गर्न एक दम गाह्रो हुन्छ । उडाउ पुत्रको बारेमा हेर्दा खेरी उडाउ पुत्र आफ्नो बाबाको घर फर्केर आउदा उसले सबै भन्दा पहिला आफ्नो बाबाको प्रेम याद गरेर फर्केर आउछ । यो उदाहरणहरु परमेश्वरले हामीलाइ उहाँको प्रेमको शक्ति देखाउनको लागी दिनु भएको हो । परमेश्वर प्रेमि भएकै कारणले जब हामी पापमा फस्छौ भने पनि उहाँको प्रेमको कारण हामी फेरी फर्केर आउन सक्छौ । यो परमेश्वरको धार्मीकताले हाइन , यो परमेश्वरको पबित्रताले होइन यो परमेश्वरको प्रेमले गर्दा हो । येशुको प्रेमको कारणले ,पत्रुसले येशुलाइ तिरस्कार गरे पछि पनि उसले पस्चाताप गरेर उ येशुको पछि फर्केर आयो । नत्र भने डरको आत्माले हामीलाइ पक्रेर राख्छ । हामीले मण्डलि डरको आत्माले चलाउनु हुदैन यसले कोहि पनि अगाडि बढ्न सक्दैन । त्यसैले येशुले भन्नुभयो म तिमीहरुलाइ एउटा नयाँ आज्ञा दिन्छु मैले जस्तो तिमीहरुलाइ प्रेम गर्छु तिमीहरुले पनि त्यस्तै गरी एक अर्कामा प्रेम गर्नु ।

१ कोरन्थी १३:८ [8]प्रेम कहिल्यै सिद्धिदैन। अगमवाणीहरू टुँगिन्छन्। भाषाहरू बोल्ने वरदान समाप्त हुन्छ, ज्ञानका उपहार समाप्त हुन्छ।

प्रेम कहिल्यै टल्दैन , हाम्रो बिश्वास पनि टल्न सक्छ , हाम्रो आशा पनि टल्न सक्छ । धेरै जना बिश्वासमा आएर श्वर्गमा पुग्छन् , उनीहरु सिंफ परमेश्वरको प्रेमको कारणले गर्दा मात्र पुग्छन् उनीहरुको बिश्वासको कारणले गर्दा होइन । आदम र हव्वा डरको आत्माले गर्दा उनीहरु लुकेर बसे । परमेश्वरलाइ सबै कुरा थाहाँ थियो र पनि उहाँले मान्छे जातिलाइ प्रेम गरेको कारण उहाँ बगैचामा आएर उनीहरु संग सोध्नुहुन्छ । त्यसैले जति सुकै हामीले परमेश्वरको बिरुद्धमा पाप गरे पनि त्यसलाइ येशु को सामु लुकाउनु हुदैन । परमेश्वरको सामु पस्चाताप गरेर माफ मागेर परमेश्वरमा फर्केर जानु पर्छ । परमेश्वर प्रेम भएको कारण उहाँले हामीलाइ माफ गरीदिनु हुनेछ । दाउदले जब परमेश्वरको बिरुद्ध पाप गरे उसले सबै भन्दा पहिला त्यसलाइ लुकाउन सुरु गर्‍यो । अगर दाउदले सबै भन्दा पहिला पाप गर्ना साथ बाबा मलाइ माफ गरीदिनु होस् मैले तपाइको बिरुद्धमा पाप गरे भनेको भए परमेश्वरले सजिलै संग छोरा ठिक छ तर फेरी पाप नगर भन्नुहुन्थ्यो होला । करीब ७ ८ महिना लुकाएर राखे पछि नातन आएर दाउद संग भन्यो तिमी हो त्यो मान्छे त्यसैले हामीले कहिल्यै पनि हाम्रो पाप लुकाउनु हुदैन ।

२ तिमोथी १:७ [7]परमेश्वरले हामीलाई कातरको आत्मा दिनु भएन। उहाँले हामीलाई शक्तिको आत्मा, प्रेम अनि आत्मा संयमको आत्मा प्रदान गर्नु भएको छ।

हामीलाइ परमेश्वरले डरको आत्मा दिएको छैन उहाँले हामीलाइ सामर्थको आत्मा प्रेमको आत्मा संयमको आत्मा दिनुभएको छ । संयमको आत्मा भनेको मानसिक सन्तुलन हो धेरै मान्छेहरुमा मानसिक सन्तुलन हुदैन । उनीहरु आफ्नो दिमाखलाइ सन्तुलनमा राख्न सक्दैनन् ।

२ कोरिन्थी १०:५ 5 अनि परमेश्वरको ज्ञानको विरूद्धमा उठेको हरेक अहङ्कारलाई नाश गर्छौं। अनि हामी हरेक विचारलाई पक्रन्छौं र त्यसलाई त्याग्ने वा ख्रीष्टलाई मान्ने बनाउँछौं। हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं।

तर्कहरु मनमा हुन्छ ,परमेश्वरको ज्ञानको बिरुद्धमा मनमा सोच बिचारहरु आउछन् । परमेश्वरको सामर्थमा र परमेश्वरको प्रेममा भरोसा छ तर मनमा आफ्नै सोच बिचार लिएर आउछन् । जब हाम्रो मनलाइ डरको आत्माले पक्रन्छ हामी परमेश्वरको मार्गमा होइन सैतानको बाटोमा हामी जान्छौ । त्यस पछि हामी एक अर्कालाइ दोष लगाउन सुरु गर्छौ । श्रीमानले श्रमितिलाइ भन्छ मैले तिमी संग बिवाह नगरेको भए मेरो जीवन यस्तो हुने थिएन र श्रीमतिले पनि त्यस्तै भन्छन् । त्यसरी नै जब आदम र हव्वाले फल खाएर उनीहरुको जीवनमा डरको आत्मा आए पछि आदमले परमेश्वर संग भने तपाइले दिएको स्त्रीले मलाइ यो फल खुवाइ भनेर भने र त्यसै गरी हव्वाले पनि सैतानले आएर मलाइ छल गर्‍यो त्यसैले मैले खाए भनिन् । यसरी उनीहरुले एक अर्कालाइ दोष लगाए । त्यसैले

यदि हामीले डरको आत्मा माथि जित्यौ भने हाम्रो जीवनमा दोष्याउने कुराहरु आउदैन । हाम्रो मनमा धेरै बिचार धाराहरु छन् यो हाम्रो मनको बिचार धाराहरु परमेश्वरको ज्ञान संग तुलना गर्नु पर्छ । परमेश्वरले अब्राहाम संग तिन बार बोलेर प्रतिज्ञा गर्नुभयो । परमेश्वरले एक बार बोले पछि त्यो हुन्छ तर यहाँ त अब्राहाम संग तिन बार बोलेर प्रतिज्ञा गर्नुभयो , र भन्नुभयो म हु तिम्रो इनाम र ढाल भन्दा खेरी अब्राहामले ढाल र इनाम भएर के फाइदा छ र ? कारण म संग त एउटा पनि नानी छैन भनेर भने । उनले नानी जन्माउछन् भनेर बिश्वास गरेनन् ।

एफिसी ६:१२ [12]हाम्रो लडाई पृथ्वीका मानिसहरूसित छैन। हामी त यस संसारको अन्धकारको शासक, अधिकारी र शक्तिहरूसित लडिरहेछौं। हाम्रो लडाई त स्वर्गीय स्थानको दुष्ट आत्मिक शक्तिहरूको विरूद्ध छ।

यि सबै कुराहरु हामी एक दिनमा सिक्न सक्दैनौ यि सबै कुराहरु हामीले दिनदिनै अभ्यास गरेर सिक्न सक्छौ । यो धार्मिकताको अभ्यास हो । धार्मीकता बिश्वास द्वारा आउछ । जब पत्रुस आएर येशु संग भने तपाइ क्रुशमा मर्नु हुदैन भन्दा खेरी येशुले भन्नुभयो ए सैतान हटि जा भनेर भन्नुभयो । हाम्रो लडाइ रगत र मासु संग होइन सैतान संग हो । सैतानले हाम्रो मनमा एउटा बिचार हाल्छ र हामी त्यो बिचारमा गएर पाप गर्छौ र पाप गरे पछि सैतान आएर हाम्रो मनमा आएर भन्छ त पापी होस् । होइन भने अर्को ब्यक्तिको मुख देखी बोल्छ । मान्छेले राम्रो पनि भन्न सक्छन् नराम्रो पनि भन्न सक्छन् कुरा राम्रो र नराम्रो को होइन कुरा हो परमेश्वरको इच्छा त्यसमा छ कि छैन त्यो हो मुख्य कुरा हो । परमेश्वरको इच्छा येशु को लागी क्रुशमा टागिनु हो , तर पत्रुस आएर येशुलाइ भन्यो तपाइ नमर्नु होस् । पत्रुसले राम्रै भनेका हुन् । तर पत्रुसले भनेको कुरा सग परमेश्वरको इच्छा मिलेन त्यसैले येशुले पत्रुसको कुरा सुन्नुभएन । त्यस कारण हामीलाइ सैतानले हाम्रो पछाडि बिभिन्न मान्छे लगाएर हामीलाइ परमेश्वरको इच्छा बिपरित काम गर्न लगाउछ । त्यसकारण दुइ जनाको बिचमा लडाइ हुदा खेरी जो आत्मिक छ उ चुप लागेर बस्नु पर्छ , एक हातले जति गरे पनि आवाज आउदैन ।

एफिसी ६:१७ 17 परमेश्वरको मुक्तिलाई आफ्नो शिर रक्षक बनाऊ अनि परमेश्वरको वचन समात जुन आत्माको तरवार हो।

हाम्रो जीवनमा मुक्तिको टोप र आत्माको तरवार दुबै हुनु पर्छ । धेरै जनाको जीवनमा आत्माको तरवार मात्र छ मुक्तिको टोपि निकालेर राखेको हुन्छ । मुक्तिको टोप भन्नाले टोपी शिरमा हुन्छ र शिरमा सोचबिचार हुन्छ । बिश्वास हृदयमा हुन्छ , सोचबिचार मनमा हुन्छ । त्यसकारण हामीले परमेश्वरको बचन द्वारा काम गर्दा पनि यदि हाम्रो जीवनमा मनमा बिश्वास नभएको कारण अर्थात मुक्तिको टोप नलगाएको कारण मनमा संका उत्पन्न हुन्छ , जसले गर्दा काम हुदैन । मुक्तिको टोप लगाउने मान्छेले उसको मनमा कुनै पनि सोच बिचार आउदा परमेश्वरको बचन संग मिल्छ कि मिल्दैन त्यो हेर्छ यदि मिल्दैन भने उसको त्यो मनको सोच बिचार उसको जीवन बाट निकालिदिन्छ । हामीलाइ यि सबै कुरा चाहिन्छ नत्र भने डरको आत्मा हाम्रो जीवनमा बास गर्छ । गोलियत इज्रायलको बिरुद्ध लडाइ गर्नलाइ आयो उ एउटा राक्षस जस्तै थियो ९ फिट जति अग्लो ढाल बोकेर सबै तयारी भएर ४० दिन सम्म दिनको दुइ पल्ट आएर को म संग लडाइ गर्छ भनेर भन्दा इज्रायलिहरुको मनमा ,हृदयमा डरको आत्मा आयो र सबै भागे । ४० दिन पछि दाउद लडाइ गर्नलाइ आए त्यति खेर दाउद संग तिन कुराहरु थिए पहिलो दाउद संग परमेश्वरको सामर्थमा , शक्तिमा उसलाइ पुरा भरोसा थियो , दोस्रोमा परमेश्वरको प्रेममा पुरा भरोसा थियो,र तेस्रोमा उसको मनमा संयम थियो । दाउदले जब मुख खोले उनले आफ्नो बुद्धिको अनुसार बोलेनन् उनले परमेश्वरको बचन अनुसार बोले उनले भने यो खतना नभएको पलिस्ती को हो? हाम्रो जीवित परमेश्वरको बिरुद्धमा आउने । यसको मतलब दाउदले मुक्तिको टोप लगाएको थियो । इज्रायलिहरुमा डरको आत्मा आयो कारण उनीहरुमा परमेश्वरको शक्तिमा बिश्वास थिएन , परमेश्वरको प्रेममा बिश्वास थिएन । हाम्रो जीवनमा पनि यो कुराहरु छ भने सैतान माथि हामी जित्छौ । हामी परिबर्तन देखी डराउछौ एलिया को जीवनमा परमेश्वरको आवाज आयो र भन्नुभयो चेरिटमा गएर बस् त्यहाँ तिम्रो लागी कौआ ले खाना लिएर आउछ र उ चेरीटमा गयो र उ कति दिन त्यहाँ बस्यो हामीलाइ थाहाँ छैन त्यस पछि उ चेरीटमा गएर बसे त्यस पछि उसलाइ जेरोसापातमा गएर बस् भन्नुभयो र फेरी जेरोसापात गएर बस्यो फेरी त्यहाँ बाट अर्को ठाउमा यसरी उसको जीवनमा परिबर्तन भइनै रहयो । त्यसै गरी अब्राहामको जीवनमा पनि परिबर्तन भइनै रहयो । अब्राहामलाइ थाहाँ छैन उ काहाँ जादैछ र पनि परमेश्वरको शक्तिमा , उहाँको प्रेममा उसलाइ भरोसा थियो । यो संसार सैतानले डरको माथि बनाएको छ , सैतानले बनाएको डरको माथि जित्नको लागी बिश्वासमा चल्नु पर्छ । बिश्वासले यो संसारको डरको माथि जित्न सक्छ । त्यसैले परमेश्वरले अब्राहामलाइ भन्नुहुन्छ त यो संसारको केहि कुरामा पनि नडरा म तेरो ढाल हु ।

मर्कुस ४:३५ [35]त्यसदिन साँझमा येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, “हामी समूद्र पारि जाऔं।”

येशुले चेलाहरुलाइ डुङ्गामा चढनु भन्दा अगाडि पारि पट्टि जाउँ भन्नु भएको थियो , तर चेलाहरुले बिर्से येशुले पारि पट्टि जा, भने पछि पारि पट्टि पुग्छ । हामी पनि बिर्सिन्छौ , अब्राहामले पनि बिर्से, परमेश्वरले अब्राहामलाइ भन्नुभयो म तिमीलाइ माहान देश बनाउछु ,त्यसको मतलब संन्तान हुनुपर्छ ।

उत्पत्ति २६:२४ [24]त्यस रात परमप्रभुले इसहाकसित कुरा गर्नु भयो। परमप्रभुले भन्नुभयो, “म तेरो बाबु अब्राहामका परमेशवर हुँ। नडरा, म तँसित छु र म तलाई आशीर्वाद दिनेछु। मेरो दास अब्राहामको कारणले म तेरो परिवारलाई विशाल बनाउनेछु।”

इसहाकले जति चोटि कुवा खन्यो त्यति चोटि पलिस्तिहरुले लिएर गए तर आशिषको लागी इसहाकले लडाइ गरेनन् । हामीले पनि इसहाक बाट सिक्नु पर्छ हामीले लडाइ गर्नु हुदैन । याकुब जस्तो आफ्नै आशिषको लागी झुट बोल्नु पर्दैन । इसहाक पलिस्तिहरुले खेदाएर खेदाएर थाकेर भोलि फेरि पलिस्तिहरु आउछन् होला भनेर बसेको बेला परमेश्वर आएर इसहाकलाइ भन्नुहुन्छ , इसहाक त नडरा म त संग छु । त्यसैले परमेश्वरको प्रतिज्ञा हामी संग छ हामीले बिसनु हुदैन र डराउनु पनि पर्दैन । प्रतिज्ञा मुख्य कुरा हो प्रतिज्ञा भएको मान्छे अब्राहाम हो, प्रतिज्ञा नभएको मान्छे लुत हो । लुत काहि पनि जान सक्छ किनकी उसको जीवनमा प्रतिज्ञा थिएन । हामी प्रतिज्ञा पाएको मान्छे हो , येशुमा हामीले उद्धार पाएको समयमा हरेक प्रतिज्ञा हो भने हो र होइन भने होइन हुन्छ । त्यसकारण संसारको मान्छेहरु जस्तो हामी लडाइ गर्दैनौ । हामी डरको आत्माको बिरुद्धमा लडाइ गर्छौ र परमेश्वरको सामर्थमा बिश्वास गर्छौ साथै उहाँको प्रेममा भरोसा राख्छौ । परमेश्वरको प्रतिज्ञाको अनुसार हाम्रो हर दिन हाम्रो मनको सोच बिचार हुनुपर्छ ।

उत्पत्ति ४६:३ ³तब परमेश्वरले भन्नुभयो, "म परमेश्वर हुँ, तिम्रा बाबुको परमेश्वर। मिश्रमा जान नडराऊ मिश्रमा म तिमीलाई ठूलो जातिहरू बनाउनेछु।

युसुफले आफ्नो बाबा याकुबलाइ लिनको लागी बेल गाडिहरु पठायो आफ्नो छोरालाइ भेट्न जानको लागी धेरै खुसी भयो र पनि याकुब मिश्र देशमा जान डराए कारण पुर्खाहरु देखि सुनेको थियो मिश्र देशमा जानु हुदैन । बाबा अब्राहामलाइ भएको कुराहरु थाहाँ छ बाबा अब्राहामले त प्रतिज्ञाको देश छोडेकै थिएन । याकुबले पनि गल्ति गरेर हारानमा गएर २० शाल दुख उठायो त्यस कारण मिश्र देशमा जानको लागी डर छ र पनि मिश्र देशमा युसुफ छ । पुरै परिवारलाइ लिएर मिश्र देशमा जान याकुबको लागी ठुलो जिम्मेवारी थियो र पनि बेथ्सेदामा आएर बलिदान चढाउदा परमेश्वर आएर भन्नुहुन्छ याकुब मिश्र देशमा जान त नडरा म हु तिम्रो बाबाको परमेश्वर ।

प्रस्थान २:१४ ¹⁴त्यस मानिसले उत्तर दियो, "कसले तिमीलाई हाम्रो न्यायकर्ता र शासक बनायो? के तिमीले मलाई पनि मार्न लागिरहेकाछौ जस्तो तिमीले त्यो मिश्री मानिसलाई मारेका थियौ?"तब मोशा डराए। उनले सोचे, "मैले के गरेको थिएँ त्यो थाह पाए छ।"

मोशा डराए त्यसकारण मोशा ४० शाल उजाड स्थानमा भौतारीनु पर्‍यो । उसको जीवनमा डरको आत्माको कारण जब परमेश्वरले उसलाइ मिश्र देशमा गएर मेरो जातिलाइ लिएर आइजो भन्दा मोशाले भने म के गर्न सक्छु र ? म त राम्रो संग बोल्न पनि सक्दिन । परमेश्वरले मोशालाइ हिम्मत दिनको लागी दुइ अचम्मको कामहरु गरेर देखाउनुभयो । एउटा मोशाको लौरो द्वारा सर्प र बिभिन्न चिज बनाउनु भयो । त्यस पछि मोशा जानै लाग्दा अर्को एउटा चिन्ह पनि परमेश्वरले दिनुभयो ।

प्रस्थान ४:१९ ¹⁹जब, मोशा मिद्यानमा थिए, परमप्रभुले उनलाई भन्नुभयो, "अहिले तिमी मिश्रमा फर्केर जानु सुरक्षित छ। ती मानिसहरू जसले तिमीलाई मार्न चाहन्थे अहिले सबै मरिसकेका छन्।"

मोशा डराउनुको कारण मिश्रमा उनले मान्छे मारेका थिए त्यसकारण त्यहाँको मान्छे उसलाइ मार्न चाहन्थे जसले गर्दा उनी डराएर मिद्यानमा भागेर गएका थिए । त्यो डरको आत्माले अझै पनि मोशालाइ पक्रेर राखेको थियो । त्यसकारण परमेश्वरले त्यो डरको आत्मा निकाल्नको लागी भन्नुहुन्छ कि तिमी निधक्क सित मिश्रमा जान सक्छौ कारण जसले तिमीलाइ मार्न चाहन्थे अहिले ति सबै मरिसकेका छन् । हाम्रो जीवनमा पनि यदि कुनै मानिस देखि हामीलाइ खतरा छ भने र हामीलाइ डर छ भने ति मानिसहरुलाइ हाम्रो जीवन बाट परमेश्वरले निकालेर फ्याक्नुहुन्छ । इस्रायलिहरु ४० शाल घुमेको कारण डरको आत्माले पक्रेको थियो । यहोशु र कालेब मा डरको आत्मा नै थिएन , ८५ शालको बुढो भएको कालेब भन्छन् त्यो पाहाडको जमिन मलाइ दिनु म लडाइ गर्न तयार छु। कारण उसको जीवनमा परमेश्वरको बचन अनुसार बिश्वास , प्रेम र संयमको आत्मा थियो ।

रोमी १२:२ ²सांसारिक स्तरमा आफूलाई परिवर्तन नगर। तर विचारको नयाँ बाटो अप्नाएर आफूलाई आन्तरिक रूपले परिवर्तन गर। अनि त्यसपछि तिमीहरू राम्रो के हो, उहाँलाई के मन पर्छ र सम्पूर्णता के हो, आफै परमेश्वरको इच्छा पत्तो लाउन सर्मथ हुने छौ।

हाम्रो मनको पुरानो सोच बिचार र हाम्रो आन्तरीक इच्छा सबै निकालेर परमेश्वरको बचन अनुसार सबै नयाँ हुनु पर्छ । अनि मात्र परमेश्वरको इच्छा हामीले बुझ्न सक्छौ । परमेश्वरको इच्छा हामी सबै मानब जातिहरुको लागी यो हो कि यो संसारको माथि हामीले जित्नु पर्छ । परमेश्वरले धेरै प्रतिज्ञाहरुमा समय राखेको हुन्छ । ५ शाल १० शाल २० शाल तर हामी चाहि धेरै समय भएको कारण भरोसा गर्न छोड्छौ ,जब भरोसा नभए पछि संका आउछ र डरको आत्मा आउछ । ज्योतिमा परमेश्वरले बोलेको कुराहरु अन्धकारमा संका लिएर आउनु हुदैन ।

प्रकाश १९:११ ¹¹तब मैले खोलिएको स्वर्ग देखें। मेरो सामुन्ने एउटा सेतो घोडा थियो। घोड सवारलाई विश्वासी अनि सत्य भनिन्छ। तिनी ठीक न्याय गर्छन् अनि साँचो लडाँई लडाउँछन्।

यो सेतो घोडामा सवार गर्ने येशु हुनुहुन्छ । हामीलाइ प्रतिज्ञा दिने परमेश्वर बिश्वास योग्य र सत्य हुनुहुन्छ । धेरै अगमबक्ताहरु द्वारा बोल्नुभएको परमेश्वर अन्तको दिनमा आफ्नै पुत्र द्वारा बोल्नुभयो । त्यसकारण हामीले हम्रो मनमा परमेश्वर जो बिश्वास योग्य र सत्य हुनुहुन्छ जसले हामी संग गरेको प्रतिज्ञा पुरा हुन्छ भनेर बिश्वास राख्नु पर्छ । परमेश्वरको हामी प्रति यहि इच्छा हो कि हामी संसार को माथि जित्नु पर्छ , पापको माथि जित्नु पर्छ र साथै सैतानको माथि जित्नु पर्छ र जित्नु पर्छ मात्र होइन म जित्न सक्छु भन्नु पर्छ । परमेश्वरको बचन भनेको परमेश्वरको इच्छा हो हामीले उहाँको बचन अनुसार जिउनु पर्छ ।

*प्रार्थना*

*धन्यबाद, धन्यबाद, धन्यबाद प्रभु धन्यबाद तपाइले हामीलाइ यति साह्रो माया गर्नुभयो त्यसको लागी धन्यबाद र साथै येशुलाइ हाम्रो लागी दिनुभयो र यो जीवनमा हामीलाइ चाहिएको सबै कुराहरु दिनुभयो त्यसको लागी धन्यबाद । अब हामी यो सैतानको अन्धकार को शक्ति माथि बिजय पाएर संसारीक कु इच्छा बाट हामी बचेर तपाइ को बचनमा भरोसा राख्ने र तपाइ को प्रेममा , तपाइको शक्तिमा भरोसा राखेर संयम साथ धैर्यतामा तपाइमा अगाडि बढ्नलाइ हामीलाइ अनुग्रह गर्नुहोस् प्रभु । धन्यबाद , धन्यबाद प्रभु सारा आधर , प्रसंसा र आदर तपाइलाइ यो सबै बिन्ति प्रार्थना येशु मशिहको नाममा आमेन ।*